**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदी आज केरल जानुभएर तिरुअनंतपुरममा विभिन्न विकास परियोजनाहरुको लोकार्पण अनि शिलान्यास गर्नुहुनेछ।
- सूचना अनि प्रसारण मंत्री अश्विनी वैष्णवले सम्पूर्ण विश्वले भारतलाई एक विश्वसनीय अनि मूल्यवान भागेदारको रूपमा हेरिरहेको बताउनुभएको छ।
- सरकारले आगामी एक अप्रैलदेखि शुरू हुन गइरहेको जनगणनाको पहिलो चरणको अवधि नागरिकहरुसित सोधिने 33 प्रश्नहरुको सूची जारी गरेको छ।
- आज देशका विभिन्न भागहरुमा बसंत पंचमी अनि सरस्वती पूजाको त्योहार, धार्मिक अनि पारंपरिक उत्साहको साथ पालन गरिन्दैछ।
- मौसम विभागले आज हिमाचल प्रदेश, जम्मू-कश्मीर, लद्दाख, गिलगित, बाल्टिस्तान, मुजफ्फराबाद, पंजाब अनि उत्तराखंड मा वर्षा तथा असिनापानीको संभावना व्यक्त गरेको छ।

**संशो प्रधानमंत्री-केरल**

प्रधानमंत्री नरेंद्र मोदी आज केरल जानुहुनेछ। यस अवधि, श्री मोदीले तिरुअनंतपुरममा विभिन्न विकास परियोजनाहरुको लोकार्पण अनि शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरुले रेल संपर्क, शहरी आजीविका, विज्ञान अनि नवाचार, नागरिक-केंद्रित सेवाहरु अनि उन्नत स्वास्थ्य सेवा सहित प्रमुख क्षेत्रहरुलाई शामेल गर्दछ। यी समावेशी विकासले, तकनीकी उन्नति अनि नागरिकहरुका जीवन स्तरमा सुधार बारे प्रधानमंत्रीको निरंतर समर्थनलाई प्रतिविम्बित गर्दछ। प्रधानमंत्रीले यस अवसरमा एउटा जनसभालाई पनि सम्बोधन गर्नुहुनेछ। प्रधानमंत्री मोदीले चारवटा नयाँ रेल सेवालाई हरियो झण्डा देखाएर प्रस्थान पनि गर्नुहुनेछ। यसमा तीन अमृत भारत एक्सप्रेस अनि एउटा यात्री रेलगाड़ी शामेल छन्। प्रधानमंत्रीले, नागरकोइल-मंगलुरु अमृत भारत एक्सप्रेस, तिरुअनंतपुरम-तंबरम अमृत भारत एक्सप्रेस, तिरुअनंतपुरम-चारलापल्ली अमृत भारत एक्सप्रेस तथा त्रिशूर अनि गुरुवायूर बीच एउटा नयाँ यात्री रेलगाड़ीलाई हरियो झण्डा देखाउनुहुनेछ। यी रेल सेवाहरु शुरू भएदेखि केरल, तमिलनाडु, कर्नाटक, तेलंगाना अनि आंध्र प्रदेश बीच क्षेत्रीय संपर्क मा उल्लेखनीय सुधार हुनेछ। असल संपर्कद्वारा सम्पूर्ण क्षेत्र मा पर्यटन, व्यापार, शिक्षा, रोजगार अनि सांस्कृतिक आदान-प्रदानलाई सशक्त प्रोत्साहन प्राप्त हुनेछ। प्रधानमंत्रीले शहरी आजीविका सशक्त बनाउने प्रयासहरु अंतर्गत, पीएम स्वनिधि क्रेडिट कार्ड जारी गर्नुहुनेछ। यूपीआई सित जुड़ेका, ब्याज मुक्त ऋण सुविधा लाभार्थीहरुलाई तत्काल नकदी प्रदान गर्नेछ अनि डिजिटल लेनदेनलाई बढ़ावा दिनेछ। श्री मोदीले केरलका एक लाख लाभार्थीहरुलाई पीएम स्वनिधि ऋण पनि वितरित गर्नुहुनेछ। प्रधानमंत्रीले तिरुअनंतपुरममा विज्ञान अनि नवाचारको क्षेत्रमा, सीएसआईआर-एनआईआईएसटी नवाचार, प्रौद्योगिकी अनि उद्यमिता केंद्रको शिलान्यास गर्नुहुनेछ। यस केंद्रले जीवन विज्ञान अनि जैव-अर्थव्यवस्थामाथि ध्यान केंद्रित गर्नेछ। यसले आयुर्वेद जस्ता पारंपरिक ज्ञान प्रणालीहरुलाई आधुनिक जैव प्रौद्योगिकी, पैकेजिंग अनि हरित हाइड्रोजनसित एकीकृत गर्नेछ। यसद्वारा स्टार्टअप निर्माण, प्रौद्योगिकी हस्तांतरण अनि वैश्विक सहयोगलाई बढ़ावा प्राप्त हुनेछ। प्रधानमंत्रीले तिरुअनंतपुरम को श्री चित्रा तिरुनल आयुर्वेद विज्ञान अनि प्रौद्योगिकी संस्थानमा अत्याधुनिक रेडियोसर्जरी केंद्रको पनि आधारशिला राख्नुहुनेछ। श्री मोदीले तिरुअनंतपुरम मा नयाँ पूजप्पुरा मुख्य डाकघर को उद्घाटन पनि गर्नुहुनेछ। यसले आधुनिक, प्रौद्योगिकी-सक्षम सुविधा डाक, बैंकिंग,

बीमा अनि डिजिटल सेवाहरुको एक व्यापक श्रृंखला प्रदान गर्नेछ। यसद्वारा नागरिक-केंद्रित सेवा वितरणलाई अझ अधिक सशक्ता प्राप्त हुनेछ।

**पीएम ब्राजील राष्ट्रपति**

प्रधानमंत्री नरेंद्र मोदीले हिज ब्राजीलको राष्ट्रपति लुला दा सिल्वासित फोन मार्फत कुराकानी गर्नुभयो। दुवै नेताले भारत-ब्राजील रणनैतिक साझेदारीलाई अझ सशक्त बनाउने तथा आउने वर्षहरुमा यसलाई अधिक ऊंचाइसम्म पुर्याउने प्रतिबद्धता दोहराए। विदेश मंत्रालयले एउटा बयानमा बताए अनुसार दुवै नेताले व्यापार अनि निवेश, प्रौद्योगिकी, रक्षा, ऊर्जा, स्वास्थ्य, कृषि अनि जन-संबंधी मामला सहित धेरै क्षेत्रहरुमा द्विपक्षीय सहयोगमा भएको महत्वपूर्ण प्रगतिमाथि संतोष व्यक्त गरे। दुवै नेताले पारस्परिक हितको क्षेत्रीय अनि वैश्विक मुद्दाहरुमाथि पनि विचार-विमर्श गरे। उनीहरुले साझा चुनौतीहरुसित जुझ्नमा बहुपक्षवादको महत्वमाथि पनि जोड़ दिनुभयो।

**वैष्णव-दावोस**

सूचना अनि प्रसारण मंत्री अश्विनी वैष्णवले सम्पूर्ण विश्वले भारतलाई एक विश्वसनीय अनि मूल्यवान भागेदार साथै एक जीवंत लोकतंत्र तथा समावेशी विकासमाथि केंद्रित देशको रूपमा हेरिरहेको बताउनुभएको छ। स्विट्जरलैंडको दावोसमा विश्व आर्थिक मंचको कार्यक्रम हाल चलिरहेको समय मीडिया चैनलसित कुराकानी गर्नुहुँदै श्री वैष्णवले भन्नुभयो मानिसहरुले भारतमाथि सह-निर्माण अनि नयाँ प्रौद्योगिकीहरुको सह-विकास गर्न सक्ने देशको रुपमा विश्वास गर्दछन्। श्री वैष्णवले भन्नुभयो भारतले आर्टिफिशियल इंटेलिजेंश-एआईको सबै पांच स्तरहरुमा  काम गरिरहेको छ जसमा एआई आर्किटेक्चर, अनुप्रयोग, मॉडल, चिप, बुनियादी ढांचा अनि ऊर्जा शामेल छन्। आगामी महीना नयाँ दिल्लीमा हुन गइरहेको **एआई इम्पैक्ट समिट** बारे बताउनुहुँदै श्री वैष्णवले एआई मा अपार क्षमता भएको तर यसको केही नोकसान पनि रहेको बताउनुभयो। उहाँले यी नोकसानहरुलाई नियंत्रित गर्नकालागि उचित सुरक्षा उपायहरु गरिन पर्ने कुरो माथि पनि बल दिनुभयो।

**जोशी-दावोस**

नवीन एवम् नवीकरणीय ऊर्जा मन्त्री श्री प्रल्हाद जोशीले भन्नुभयो, भारतको ऊर्जा परिवर्तनले औद्योगिकीकरण, रोजगारी सिर्जना र विश्वव्यापी प्रतिस्पर्धालाई बढावा दिइरहेको छ, जसले उदीयमान अर्थव्यवस्थाहरूका लागि उदाहरण प्रस्तुत गरिरहेको छ। स्वीट्जरल्याण्डको डाभोसमा विश्व आर्थिक मञ्चमा ऊर्जासम्बन्धी उच्चस्तरीय सत्रलाई सम्बोधन गर्दै श्री जोशीले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले स्वच्छ ऊर्जालाई जनकेन्द्रित विकास आन्दोलनमा रूपान्तरण गरेको छ, ऊर्जा सुरक्षालाई सुदृढ बनाएको छ र बिजुलीको लागत पनि घटाएको छ। भारतले २६७ गिगावाट गैर-जीवाश्म इन्धन क्षमता हासिल गरेको छ, जसमा नवीकरणीय ऊर्जाले कुल स्थापित बिजुली क्षमताको ५२ प्रतिशत हिस्सा ओगटेको छ।

**सरकार - जनगणना**

सरकारले जनगणनाको पहिलो चरणको अवधि नागरिकहरुसित सोधिने 33 प्रश्नहरुको सूची जारी गरेको छ। यो चरण एक अप्रैलदेखि शुरू हुनेछ। पहिलो चरणमा घरहरुको सूची तैयार गरिनेछ, जसकोलागि प्रत्येक राज्य अनि केंद्र शासित प्रदेशको तर्फबाट निर्धारित 30 दिनको अवधि मा अभियान चलाइनेछ। यो चरण 30 सितंबर सम्म जारी रहनेछ। सर्वेक्षणको अवधि जनगणना अधिकारीले घरको स्वामित्वको स्थिति, घर को उपयोग, भुइँ अनि छत मा प्रयुक्त सामग्रीको प्रकार, कोठाहरुको  संख्या तथा परिवारको मुखियाको लिंग बारे मा जानकारी मांग्नेछ। यस पछि अधिकारीले घर को उपयोग, यसको स्थिति अनि सदस्यहरुको संख्या बारेमा जानकारी प्राप्त गर्नेछ। नागरिकहरुसित उनीहरुको घरमा उपलब्ध बुनियादी सुविधाहरु बारे पनि प्रश्न गरिनेछ। यसमा मानिसहरुसित पेयजलको मुख्य स्रोत, विध्युतको मुख्य स्रोत, शौचालयको उपलब्धता तथा प्रकार, अपशिष्ट जल निकासी, स्नान सुविधा अनि भान्साघरको उपलब्धता, एलपीजी एवं पीएनजी कनेक्शन तथा खाना पकाउनको लागि उपयोग गरिने मुख्य ईंधन बारे पनि जानकारी एकत्र गरिनेछ। जनगणना कर्मीले रेडियो, टेलीविजन, इंटरनेट सुविधा, लैपटॉप, कंप्यूटर, टेलीफोन, मोबाइल फोन, स्मार्टफोन जस्ता गैजेट, वाहनको प्रकार, घरमा उपभोग गरिने मुख्य अनाज तथा जनगणना संबंधी संचारको लागि मोबाइल नंबर बारे पनि जानकारी एकत्र गर्नेछन्। नागरिकहरुसित 30 दिनको गृह सूचीकरण अभियान शुरू हुन ठीक अघि 15 दिनको अवधि मा स्व-

गणना गर्ने विकल्प पनि उपलब्ध रहनेछ। जनगणना दुइ चरणमा आयोजित गरिन्दैछ। अप्रैलदेखि सितंबर सम्म घरहरुको सूचीकरण अनि आवास जनगणना तथा फरवरी 2027 मा व्यक्तिहरुको गणना हुनेछ।

**पराक्रम दिवस**

संस्कृति मंत्रालयले नेताजी सुभाष चंद्र बोसको 1 सय 29 औ जयंतीको उपलक्ष्यमा आजदेखि अंडमान अनि निकोबार द्वीप समूहमा पराक्रम दिवस-2026 को आयोजन गरिरहेको छ। स्वतंत्रता सेनानी सुभाष चन्द्र बोसको जीवन अनि विरासतसित जुड़ेका देश भरीको 13 अन्य स्थानहरुमा पनि यो उत्सव मनाइंदैछ। यस उत्सवले उहाँको साहस, बलिदान अनि देशभक्तिको अमर विरासतलाई श्रद्धांजलि अर्पित गर्दछ।

**बसंत पंचमी**

आज देशका विभिन्न भागहरुमा बसंत पंचमी अनि सरस्वती पूजाको त्योहार, धार्मिक अनि पारंपरिक उत्साहको साथ पालन भैरहेछ। यस अवसरमा विशेषगरि विद्यार्थी ज्ञान र विद्या की देवी सरस्वतीको पूजा अर्चना गर्ने गर्छन।यो त्योहार वसंत ऋतुको आगमनको पनि प्रतीक हो।

**छत्तीसगढ़-साहित्य महोत्सव**

छत्तीसगढ़को रायपुर मा आजदेखि साहित्य महोत्सव शुरू भइरहेको छ। यो आगामी 25 जनवरी सम्म चल्नेछ। यस महोत्सवको उद्घाटन राज्यसभाका उपसभापति हरिवंश नारायण सिंहले गर्नुहुनेछ तथा मुख्यमंत्री विष्णु देव साईले यस कार्यक्रमको अध्यक्षता गर्नुहुनेछ।

**क्रिकेट-डब्ल्यूपीएल**

महिला प्रीमियर लीग क्रिकेटमा, **गुजरात जायंट्सले हिज** राति वडोदराको बीसीए स्टेडियममा खेलिएको लीग चरणको एक मैचमा **यूपी वॉरियर्सलाई** 45 रनले पराजित गरेको छ । गुजरात जायंट्सको 153 रनको लक्ष्यलाई पछयाउदै, यूपी वॉरियर्स केवल 17.3 ओवरमा 108 रनमा ऑल आउट भयो। गुजरात जायंट्सको तर्फबाट सोफी डिवाइनले 50 रन बनाइन भने राजेश्वरी गायकवाड़ले 3 विकेट लिइन। राजेश्वरी गायकवाड़लाई प्लेयर ऑफ द मैच घोषित गरियो।

**मौसम**

मौसम विभागले आज हिमाचल प्रदेश, जम्मू-कश्मीर, लद्दाख, गिलगित, बाल्टिस्तान, मुजफ्फराबाद, पंजाब अनि उत्तराखंड मा वर्षा, असिनापानी, तिव्र गतिमा हावा अनि विजुली चम्कन सक्ने संभावना व्यक्त गरेको छ। विभागले दिल्ली, हरियाणा, चंडीगढ़, राजस्थान अनि पश्चिम तथा पूर्वी उत्तर प्रदेश मा पनि गरजन साथ असिना पानी अनि तिव्र गतिमा हावा चल्ने अनुमान व्यक्त गरेको छ। यसबाहेक उप-हिमालयी पश्चिम बंगाल अनि सिक्किमका केही स्थानहरुमा पनि बाक्लो कुइरो लागि रहने अनुमान पनि विभागले व्यक्त गरेको छ।